# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १४ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- **राष्ट्रपति द्रौपदी मुर्मू ओडिशा को दुई दिवसीय यात्रामा आज भुवनेश्वर पुग्नुभएको छ।**
- **आयुष मन्त्री प्रतापराव गणपतराव जाधवले सम्पूर्ण विश्वले अब आयुर्वेदको वैज्ञानिक आधार, उपयोगिता र अथाह सम्भावनालाई बुझेर अपनाई रहेको बताउनु भएको छ ।**
- **बंगालका नवनिर्वाचित भाजपा अध्यक्ष समिक भट्टाचार्य तीन दिवशीय उत्तर बंगाल भ्रमणमा आज सिलगडी आईपुग्नु भएको छ ।**
- **दार्जीलिंगका लोकसभा सांसद राजु बिस्टले आज पश्चिम बंगालकी मुख्यमन्त्री सुश्री ममता बनर्जीसित सम्पर्क गरेर सिलिगुडी वरिपरि रिंग रोडको एलाइनमेन्टको निम्ति ध्यानाकर्षण गराउनु भएको छ।**
- **गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन का प्रमुख कार्यापाल अनित थापासित आज पश्चिम बंगाल कलेज अतिथि शिक्षक कल्याण संघका प्रतिनिधिहरूले भेट गरेका छन्।**
- **मौसम विभाग ले दक्षिण बंगालका बिभिन्न जिल्लाहरूमा घनघोर वर्षा हुने तथा आगामी केही दिनसम्म वर्षाको सिलसिला जारी रहन सक्ने सम्भावना व्यक्त गरेको छ ।**

**राष्ट्रपति द्रौपदी मुर्मु ओडिशा**

राष्ट्रपति द्रौपदी मुर्मू ओडिशा को दुई दिवसीय यात्रामा आज भुवनेश्वर पुग्नुभएको छ। विमानस्थलमा राष्ट्रपति मुर्मुलाई ओडिसाका राज्यपाल हरिबाबु कामभम्पति र मुख्यमन्त्री मोहनचरण माझीले स्वागत गर्नुभयो । राष्ट्रपति मुर्मु अखिल भारतीय आयुर्विज्ञान संस्थान को पाँचौँ दीक्षान्त समारोहमा प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्छ । राष्ट्रपति मुर्मूले विद्यार्थी र स्वास्थ्यकर्मीहरूलाई पदक र डिग्री प्रदान गर्नुहुनेछ। राष्ट्रपति भोलि राभेन्सा विश्वविद्यालयको १३ औं वार्षिक दीक्षान्त समारोहमा भाग लिनुहुनेछ । उहाँले भोलि कटकको रेभेनशा गर्ल्स हाई स्कूलको तीन वटा भवनको पुनर्निर्माणको पनि शिलान्यास गर्नुहुनेछ । राष्ट्रपति मुर्मुले कटकमा ओडियाका प्रख्यात कवि तथा विद्वान सरला दासको जन्मजयन्ती समारोहमा पनि भाग लिनुहुनेछ। उहाँले बर्ष २०२४ का लागि कलिंग रत्न पुरस्कार पनि प्रदान गर्नुहुनेछ ।

**आयुष मंत्री प्रतापराव गणपतराव जाधव - आयुर्वेद**

आयुष मन्त्री प्रतापराव गणपतराव जाधवले सम्पूर्ण विश्वले अब आयुर्वेदको वैज्ञानिक आधार, उपयोगिता र अथाह सम्भावनालाई बुझेर अपनाई रहेको बताउनु भएको छ । नयाँ दिल्लीमा आज अखिल भारतीय आयुर्वेद संस्थान शालिकन २०२५ को उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुदै उहाँले यस आशयको जानकारी दिनुभएको हो । उहाँले अझ भन्नुभयो - आयुष मन्त्रालय आयुर्बेद र शल्य चिकित्सा प्रणालीको निरन्तर विकास गर्न र तिनीहरूलाई वैश्विक मान्यता दिन प्रतिबद्ध छ। शल्यकॉन २०२५ शल्य प्रणालीमा तीन दिवशीय राष्ट्रिय सम्मेलन हो। शल्यक्रियाका अग्रदूत आचार्य सुश्रुतको विरासतलाई सम्मान गर्ने उद्देश्यले सुश्रुत जयन्तीका अवसरमा आजदेखि शुरु भएको यस कार्यक्रम आयोजना भईरहेको छ ।

**भाजपा -कार्यक्रम**

**भारतीय जनता पार्टी अल्पसंख्यक मोर्चाले 27 जुलाईमा भारत रत्न डा. एपीजे अब्दुल कलामको 10 पुण्यतिथिमा देशभरि अभियान चलाएर विभिन्न कार्यक्रमहरूको माध्यमले उहालाई श्रद्धाञ्जलि अर्पित गर्नेछ। यस अवसरमा अल्पसंख्यक मोर्चाले कलामलाई सलाम अभियान अन्तर्गत अल्पसंख्यक युवाहरूलाई "डा. कलाम स्टार्टअप यूथ अवार्ड 2.0" प्रदान गर्नेछ, जसले आफ्नो नवाचार, असाधारण कौशल र उद्यमशीलताको भावनाले आफ्नो उद्यम शुरू गरेर समाजमा प्रेरक उदाहरण प्रस्तुत गरेका छन्। अल्पसंख्यक मोर्चाका राष्ट्रिय अध्यक्ष जमाल सिद्दीकीले आज मीडियाकर्मीहरूलाई सम्बोधन गर्नुहुदै भन्नुभयो -, यस अभियानको उद्देश्य देशको विकासमा डा. कलामको योगदानलाई नमन गर्नु र उनलाई श्रद्धाञ्जलि अर्पित गर्नु हो।**

**प्रधानमंत्री नरेंद्र मोदी**

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी १८ जुलाई मा दुर्गापुरमा विशाल जनसभालाई सम्बोधन गर्नुहुनेछ। राज्यको आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै यो भ्रमण राजनीतिक दृष्टिकोणले महत्वपूर्ण मानिएको छ।

**उत्तर बङ्गाल – नवनियुक्त अध्यक्ष -भ्रमण**

**बंगालका नवनिर्वाचित भाजपा अध्यक्ष समिक भट्टाचार्य तीन दिवशीय उत्तर बंगाल भ्रमणमा आज सिलगडी आईपुग्नु भयो । बागडोग्रा विमानस्थल आईपुगेपछि उहाँले कार्यकर्ताहरूको अभिवादनलाई स्वीकार गर्नुभयो।उहाँलाई ढाक र गाजा बाजाले स्वागत गरिएको थियो। यस अवसरमा उहाँले पत्रकारहरूलाई सम्बोधन गर्दै भन्नुभयो - उत्तर बंगालका जनताले पहिले नै तृणमूल कांग्रेसलाई लुप्त पारिसकेका छन्। जबकी दक्षिण बंगालले पनि तृणमूल कांग्रेसलाई पूर्ण रूपमा परास्त पार्नेछन्। उहाँले उत्तर बंगाललाई बेवास्ता गरिएको बारेमा ठूलो आन्दोलनको कुरा गर्नेहरूले आफ्नो स्वार्थको लागि जनतालाई धोका दिएको बताउनु भयो। उहाँले अझ भन्नुभयो - २१ जुलाईमा भाजपा युवा मोर्चाले उत्तर कन्या अभियान आह्वान गरेको छ।यसमा भाजपा नेता तथा विपक्षी नेता शुभेन्दु अधिकारी यसमा भाग लिन आउनुहुनेछ। उहाँ आज उत्तर बंगालमा रहेको संघको मुख्यालय माधव भवन पनि जानुभयो। उहाँले अलिपुरद्वार र कुचबिहारका पार्टी पदाधिकारीहरू र बुद्धिजीवीहरूसँग भेटघाट गर्नुहुनेछ। आफ्नो भ्रमण समाप्त गरेपछि उहाँ १६ जुलाईमा कोलकाता प्रस्थान गर्नुहुनेछ।**

**पश्चिम बंगालमा शिक्षक**

पश्चिम बंगालमा शिक्षक भर्ती घोटाला बाट प्रभावित 'योग्य' बेरोजगार शिक्षकहरुलेशुरु गरेको नया अभियान लाई लिएर आज हावड़ा मा तनाव उत्पन्न भएको जानकारी प्राप्त भएको छ पुलिसले र्याली रोक्न खोज्दा मल्लिक फाटकमा प्रदर्शनकारी र पुलिस बीच झडप भएको थियो। स्थितिलाई ध्यानमा राख्दै प्रशासनले पछि १८ जना प्रदर्शनकारीलाई मुख्य सचिवसँग वार्ताका लागि नवन्ना जान अनुमति दिएको थियो।आन्दोलनरत शिक्षकहरूले मुख्यमन्त्री ममता बनर्जीसँग सीधै कुरा गर्ने मौका दिनुपर्ने माग गरिरहेका छन्। प्रशासनले नयाँ अभियानका लागि यसअघि नै कडा सुरक्षा व्यवस्था मिलाएको थियो। प्रत्येक मुख्य बिन्दुमा २५ वटा हाई रिजोल्युसन क्यामेरा र र्यापिड एक्सन फोर्स तैनाथ गरिएको छ। यसका साथै दुई वटा वाटर क्याननलाई तयारी अवस्थामा राखिएको छ। विभिन्न आयुक्तालयबाट करिब दुई हजार अतिरिक्त प्रहरी परिचालन गरिएको छ।

**सीबीआई - आरोप तय**

केन्द्रीय जाच ब्यूरो सीबीआईको विशेष अदालतले आरजी कार मेडिकल कलेज एण्ड हस्पिटलमा भएको आर्थिक अनियमितताको आरोपमा पूर्व प्राचार्य डा. सन्दीप घोषसहित पाँच जनाविरुद्ध आरोप तय गरेको छ। न्यायालयले भ्रष्टाचार निवारण ऐन र भारतीय दण्ड संहिताको धारा ४२०, ४०९, ४६७, ४६८ र ७ अन्तर्गत मुद्दा चलाउन आदेश दिएको छ । यस मामिला को सुनवाई 22 जुलाई देखि शुरू हुनेछ । कलकत्ता उच्च न्यायालयको आदेशमा यो मुद्दा सीबीआईलाई सुम्पिएको थियो। घोष लगायत यस मुद्दामा अफसर अली, बिप्लब

सिंह, सुमन हाजरा र आशिष पाण्डेलाई पनि दोषी ठहर गरिएको छ । उनीहरु सबै अहिले न्यायिक हिरासतमा छन् ।आरजी कार मेडिकल कलेजमा मेडिकल उपकरण खरिदका नाममा तीन वर्षभन्दा अधिक समयदेखि टेन्डर प्रक्रियामा व्यापक अनियमितता भएको आरोप एक पूर्व डेपुटी सुपरको उजुरीका आधारमा दर्ता भएको हो । स्मरण गराईन्छ, बिगत वर्ष ९ अगस्तमा आरजी कार अस्पतालको इमर्जेन्सी विभागको चौथो तल्लामा रहेको सेमिनार हलमा एक महिला चिकित्सकको शव फेला परेको थियो । जाचबाट उनको बलात्कारपछि हत्या भएको खुल्न आएको छ ।

**लोकसभा संसद -सिलगडी -मुख्यमन्त्री**

दार्जीलिंगका लोकसभा सांसद राजु बिस्टले आज पश्चिम बंगालकी मुख्यमन्त्री सुश्री ममता बनर्जीलाई सम्पर्क गरेर सिलिगुडी वरिपरि रिंग रोडको एलाइनमेन्टको लागि सहमति प्रदान गर्न पश्चिम बंगाल सरकारले गरेको बारम्बार र अनावश्यक ढिलाइप्रति ध्यानाकर्षण गराएको बताउनु भएको छ ।सांसद श्री बिस्टले भन्नुभएको छ -सिलिगुडी पश्चिम बंगालको दोस्रो ठूलो शहर मात्र होइन, तर भारतको सबैभन्दा छिटो बढ्दो शहरी समूहहरू मध्ये एक पनि हो। उहाँले सिलिगुडीले योजनाबद्ध पूर्वाधारको अभावको कारण गम्भीर भीडभाडको सामना गरिरहेको बताउनु हुदै भन्नुभएको छ -शहरको ट्राफिक अवस्था बिग्रिएको छ र हरेक दिन घण्टौंसम्म ठूलो ट्राफिक जाम भइरहेको छ। जसको फलस्वरूप आम मानिसहरू, विशेष गरी विद्यार्थीहरू र बिरामीहरूलाई अत्याधिक समस्या भईरहेको छ l उहाँले सिलिगुडी र वरिपरी व्यवस्थित सडकहरू बनिनाले दार्जिलिङ, कालेबुंग , सिक्किम, डुवर्स, जलपाईगुडी , उत्तर बंगाल र उत्तर पूर्वी भारतबाट सिलिगुडी हुँदै जाने ट्राफिक प्रवाहलाई सहज बनाउन मद्दत पुग्ने बताउनुहुदै केन्द्र सरकारले यस महत्त्वपूर्ण परियोजनाको लागि पहिले नै ३५ सय करोड रुपियाँ आवन्टन गरिसकेको जानकारी दिनुभएको छ

**गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन-अनित थापा**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको मुख्यालय लालकोठीमा आज पश्चिम बंगाल कलेज अतिथि शिक्षक कल्याण संघका प्रतिनिधिहरूले जीटिए का प्रमुख कार्यपाल अनित थापासिट भेट गरेका छन् l भेटको क्रममा संघ का प्रतिनिधिहरुले श्री थापा समक्ष अतिथि शिक्षकहरूको रोजगार सुरक्षा, सेवा निरन्तरता, र निश्चित भुक्तानी प्रणालीका लागि हस्तक्षेपको अनुरोध गर्दै एउटा ज्ञापनपत्र बुझाएका छन् ।प्रतिनिधीहरुले राखेका बिभिन्न मागहरुलाई गम्भीरतापुर्वक लिईदै श्री थापाले सबै कलेजका अतिथि शिक्षकहरूसँग बसेर छलफल गर्ने तथा सम्बन्धित बिभागका अधिकारी अनि मंत्रीहरु संग बैठक गरेर समाधानको बाटो खोजि निकाल्न पहल गर्ने बताउनुभएको छ ।

**सिक्किम -पाकिम -२११ और भानुजयन्ती पालन**

सरस्वती विद्या निकेतन, (विद्या भारती सिक्किम), पाक्योंग, सिक्किमले २११ औ भानुजयन्ती भव्य रुपमा पालन गरेको जानकारी प्राप्त भएको छ l समारोह मा मुख्य अतिथि को रूपमा उपस्थित पाकिम जिला की माननीय जिला पंचायत उपाध्यक्ष श्रीमती प्रभा प्रधानले भन्नुभयो - महाकवि भानुभक्त आचार्य केवल एक साहित्यकार होइनन्, उहाँ हाम्रो भाषा, पहिचान र राष्ट्रिय आत्माको प्रतीक हुनुहुन्छ। पाकिम जिल्लाको पाचेखानी मा सम्पन्न भएको कार्यक्रममा विद्यार्थीहरुले उत्कृस्ट प्रतिभा प्रस्तुत गरेका थिए I

**पश्चिम बङ्गाल -मौसम**

मौसम विभाग ले निम्न दबाबको कारण दक्षिण बंगालका जिल्लाहरूमा घनघोर वर्षा हुने तथा आगामी केही दिनसम्म वर्षाको सिलसिला जारी रहन सक्ने सम्भावना व्यक्त गरेको छ l पूर्व अनि पश्चिम मेदिनीपुरमा सर्वाधिक वर्षा हुने चेताउनी जारी गरिएको छ।उत्तर बंगालका जिल्लाहरूमा पनि मुसलधारे पानी पर्ने अनुमान गरिएको छ। आज जलपाईगुड़ी, कुचबिहार र अलिपुरद्वारमा घना वर्षा हुने सम्भावना रहेको छ। मौसम बिभागले मंगलवार दार्जीलिङ, कालेबुङ एवं अलिपुरद्वारमा घनघोर वर्षा हुनसक्ने सम्भावना व्यक्त गरेको छ । लगातार पानी पर्ने सम्भावनालाई केन्द्र गर्दै स्थानीय प्रशासनलाई तयार रहने निर्देश दिइएको छ। जनतालाई होशियारी अप्नाउने, यात्रा गर्नदेखि बच्ने अनि मौसम विभागको निर्देशलाई पालन गर्ने अपील गरिएको छ।

****** ○ ******